REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 02.08.2025

## PM -KISAN

प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको वाराणसीबाट किसान सम्मान निधिको 20औं किस्ती जारी गर्नुभयो। उहाँले देशभरिका 9 करोड 70 लाखभन्दा धेरै किसानहरूको ब्याङ्क खातामा सोझै 20 हजार पाँच सय करोड रुपियाँ हस्तान्तरण गर्नुभयो।

यस अवसरमा प्रधानमन्त्रीले पीएम किसान सम्मान निधि अन्तर्गत अहिलेसम्ममा किसानहरूको खातामा 3 लाख 75 हजार करोड रुपियाँ हस्तान्तरण भइसकेको जानकारी दिनुभयो।

यता, सिक्किमका 6 वटै जिल्लाका किसानहरूले प्रधानमन्त्री किसान सम्मान निधि समारोहको प्रत्यक्ष प्रसारणमा सहभागिता जनाएका थिए। छ वटै जिल्लामा राज्यको कृषि विभाग, बागवाणी विभाग, सहकारिता विभाग, भारतीय कृषि अनुसन्धान परिषद् आईसीएआर अनि कृषि विज्ञान केन्द्र आदि संस्थानहरूले संयुक्त रूपमा यसको व्यवस्थापन गरेका थिए।

स्मरण रहोस्, सिक्किम राज्यका 34 हजारभन्दा धेरै किसानहरूले यस योजनाको लाभ प्राप्त गरिसकेका छन् र अहिलेसम्ममा 19 वटा किस्ती सिक्किमका किसानहरूले प्राप्त गरिसकेका छन्। यस योजना अन्तर्गत सिक्किमका किसानहरूले 61 करोड रुपियाँभन्दा धेरै धनराशि प्राप्त गरिसकेको कृषि विभागका प्रधान निर्देशक टी टी भोटियाले बताउनुभएको छ।

## CM- Ethnographic Reports

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज जनजातिको मान्यता पाउनबाट छुटेका सिक्किमका 12 समुदायहरूको Ethnographic Report हरूको अन्तिम समीक्षात्मक बैठकको अध्यक्षता गर्नुभयो।

यस अवसरमा मुख्यमन्त्रीले महिनौंको विस्तृत अध्ययन, अनुसन्धान र परामर्श पछि राज्यको उच्च-स्तरीय समितिले तयार पारेका यी प्रतिवेदनहरू यी जातिहरूलाई अनुसूचित जनजातिको दर्जा दिलाउने दिशामा एउटा महत्त्वपूर्ण पहल भएको बताउनुभयो।

भुजेल, गुरुङ, जोगी, खस, किराँत राई, किराँत देवान याखा, माझी, मंगर, नेवार, सन्यासी, सुनुवार मुखिया र थामीको अद्वितीय इतिहास, संस्कृति र चिन्हारीलाई विस्तृत रूपमा दस्तावेजीकरण गरिएको मुख्यमन्त्रीले बताउनुभयो। उहाँले अझ भन्नुभयो, यी प्रतिवेदनहरूले

अनुसुचित जनजातिमा समावेशीकरणका लागि आवश्यक सबै मापदण्डहरू पूरा गर्नेछन् र विगतमा केन्द्रीय एजेन्सीहरूले उठाएका सबै प्रश्नहरूलाई सम्बोधन गर्नेछन्।
उहाँले भन्नुभयो, हामी भारत सरकारलाई बुझाउनको लागि प्रतिवेदनहरूलाई अन्तिम रूप दिइरहेका छौं र एसटी मान्यताका लागि औपचारिक प्रक्रिया सुरु गर्ने संकल्प गरेका छौं।

## SIKKIM RANABHUMI DARSAN

केन्द्र सरकारको भारत रणभूमि दर्शन योजना अन्तर्गत सिक्किमको सीमावर्ती क्षेत्र छोला अनि डोकलामलाई घरेलू पर्यटकहरूका लागि खुल्ला गरिने तयारी चलिरहेको छ। आधिकारिक सूत्रले पुष्टि गरेअनुसार डोकलाम, छोला अनि नाथुला राज्यका युद्धक्षेत्र पर्यटन सर्किटका लागि चिन्हित गरिएका छन्।
नाथुला अघिबाटै लोकप्रिय पर्यटन स्थल बनिसकेको छ। अन्य स्थानहरूको सेना अनि सम्बन्धित एजेन्सीहरूको परामर्शमा विकसित गरिँदैछ। यी स्थानहरूमा यसै वर्षको सितम्बर महिनाको अन्तसम्ममा पर्यटकहरूको स्वागतको गरिने तयारी भइरहेको छ। यसका लागि पार्किङ, प्रतीक्षालय अनि क्याफेटेरिया जस्ता आधारभूत सुविधाहरू उपलब्ध गराइनेछ।
स्मरण रहोस्, भारतीय अनि चिनियाँ सैनिकहरू माझ भएको गतिरोधको आठ वर्ष पछि 14 हजार फिट उचाईमा रहेको डोकलामलाई पर्यटकहरूका लागि खोलिनेछ।

## KMY 2025

सिक्किमको नथुलामार्ग भएर कैलाश मानसरोवर यात्राको नवौं समुह आज दिल्लीबाट गान्तोक आइपुग्दैछ। यो समुहले 7 अगस्तको दिन नथुलाबाट कैलाश मानसरोवरको यात्राको थालनी गर्नेछ। अर्कोतिर, सातौं समुहले हिजो मानसरोवरको दर्शन र परिक्रमा सफलतापूर्वक पूरा गरेपछि आज गान्तोकतर्फको यात्रा शुरु गरेको छ, जो 6 तारिक गान्तोक आइपुग्नेछ। अन्तिम तथा दसौं समुह सात अगस्तको दिन दिल्लीबाट गान्तोक आउनेछ।

## SDF Namchi

सिक्किम डेमोक्रेटिक फ्रण्ट एसडीएफ पार्टीको नाम्ची जिल्लाका पदाधिकारीहरूको एउटा बैठक नाम्चीमा जिल्ला प्रभारी सकुन गुरुङको अध्यक्षतामा आज सम्पन्न भयो। सभामा पार्टी सङ्गठनलाई सशक्त बनाएर जनतामाझ सकार्य स्थापना गर्ने निर्णय भएको जानकारी जारी एक प्रेस विज्ञप्तिमा जनाइएको छ।